# अध्याय १७

# कुरा बुझ्नसक्ने बालबालिकाको हेरचाह

**जव बच्चाले आफू अन्धो भएको महशुस गर्छ**

सानो अन्धो बच्चाले आफ्नो वरिपरिको वस्तुस्थितिका बारेमा आफूले जसरी सिक्ने गर्छ त्यसरी नै अरु बच्चाले पनि सिक्छन् भन्ने सोच्छ । ऊ अरु बच्चाहरूले उसका वरिपरिको वस्तुस्थितिका बारेमा भिन्नै तरिकाले बुझ्छन् र सिक्छन् भन्ने कुरा अनभिज्ञ हुन्छ । तर ठूलो हुँदै गएपछि, अन्धो बच्चाले आफू अरु भन्दा भिन्न भएको कुरा बुझ्न थाल्छ ।

सानो अन्धो बच्चाले अरु मानिसहरूले पनि उसले जस्तै हातले छामेरमात्र वस्तुहरू फेला पार्छन् भन्ने सोच्छ ।







जव अन्धो बच्चा लगभग पाँच बर्षीको हुन्छ, अरु बच्चाहरूलाई कुनै वस्तुबारे छ छैन थाहा पाउन हातले छामी राख्नु पर्दैन भन्ने बुझ्न सक्छ ।




जब उसले अरु भन्दा ऊ फरक छ भन्ने कुरा थाहा पाउन शुरु गर्छ, उसमा आफ्नो भिन्नताका बारे नयाँ बलियो भावना आउन सक्छ । कुनै कुनै अन्धा वा राम्रोसँग आँखा नदेख्ने बच्चाहरू आफू अन्धो भएकोमा चिन्तित हुन्छन् । कोही कोही बच्चाहरू रिसाउने वा निरास हुन्छन् ।

## बच्चाका पीर र चिन्तामा सहयोग

धेरै अन्धा बच्चाहरू आफू अन्धो भएको र अरु बच्चाहरूले गर्ने कामहरू सबै गर्न नसक्ने कुरा थाहा पाएपछि खिन्न, निराश, वा चिन्तित हुन्छन्। तपाई अभिभावक समूहको सदस्य हुनुहुन्छ भने, अरु अभिभावकहरूले उनीहरूका अन्धा बच्चाहरूको प्रश्नहरूको जवाफ कसरी दिए भन्ने बारे तपाईंलाई बताउन सक्छन्। यी कुराहरूले बच्चाले प्रश्नहरू गर्न थाल्नुभन्दा अघि नै जवाफ दिनसक्ने गरी तपाई तयार भइसक्नु हुनेछ।






अन्तरआत्मा देखिको देख्नसक्ने चाहनाले वा ठूलो भएपछि देख्न सक्नेछु कि भन्ने आशले गर्दा अन्धो बच्चाले आफ्ना भावनाहरु व्यक्त गरेको हुनसक्छ। ऊ किन अन्धो भयो भनेर उसले तपाईंलाई प्रश्नहरु गर्न सक्छ।




तपाईको बच्चा साच्चै रिसाहा हुनसक्छ। उसको रिस आफ्नो बानीबेहोराबाट र घरपरिवारका तपाईहरुलाई गर्ने व्यवहारबाट पोख्नेछ।

बच्चाका प्रश्नहरूको उत्तर दिने क्रममा उसलाई ढाढस दिनुहोस् र उसले गर्न सकेका कामहरूको प्रशंसा गर्नुहोस्। आफ्नो हेरविचार राम्ररी भएको छ र उसका भावनाहरूलाई राम्ररी बुझिएको छ भन्ने लाग्यो भने उसलाई आफ्नो अन्धोपनलाई स्वीकार गर्न सजिलो हुनेछ।




बच्चाले आफ्ना भावनाहरू बताउने गर्दा, ऊ दुखी भएको कुरा तपाईंले बुझ्नु भएको छ भनेर बताउनुहोस्। उसलाई तिमीले महसुस गरेको समस्या बुझेर नै त्यस्तो समस्या हटाउने काम गर्दैछौ भन्ने कुरा थाहा दिनुहोस्।

## सहयोग लिनुपर्ने र नलिनुपर्ने अवस्था छुट्याउन सक्ने बनाउनु

पराधीन र स्वाधीनताको बिच सन्तुलन गर्नुहोस्।
बच्चाहरूले काम गर्न रुचाउँछन् जसले उनीहरूलाई सक्षम भएको महसुस गराउँछ। बच्चा जो आफू अन्धो भएको थाहा पाउने उमेर भइसकेको छ, उसले उसको उमेरका अरु बच्चाहरूले काम गरेको पनि विचार गर्ने छ, जुन काम उसले गर्न चाहेको हुन्छ तर गर्न सक्दैन। उसले चाहेको जस्तो आफू स्वाधीन हुन नपाएकोमा ऊ निरास हुन सक्छ।

त्यहाँ खतरा भने, तपाईंको बच्चालाई तपाईंले दिन सक्ने स्वाधीनता उसलाई दिनुहोस् जसले गर्दा उसले आफै धेरै भन्दा धेरे काम गर्न सिक्ने छ। अरु बच्चाहरूले जस्तै तपाईंको अन्धो बच्चाले पनि आफ्नो हेरचाह आफै गर्न सक्ने हुनुपर्छ।




ऊ ठूलो भए पछि पनि, तपाईंको बच्चाले कहिलेकाही आँखा देख्ने मानिससँग मद्दत माग्न सक्नेछ। कहिलेकाही हरेकले मद्दत माग्छ भन्ने कुरा तपाईंको बच्चालाई सिकाउनु होस्।







कहिलेकाही मानिसहरूले नचाहीकन पनि मद्दत गर्न खोज्छन्। मद्दत लिनुनलिनु उसको इच्छाको कुरा हो भनेर तपाईंको बच्चालाई सिकाउनु होस्। जब उसलाई आफै गर्छु जस्तो लाग्छ उसले साधारण किसिले "चाहिँदैन, तपाईंलाई धन्यवाद भन्न सक्नेछिन्।

## समस्याहरूको समाधान गरिरहनु

तपाईले बच्चा ठूलो हुँदै गएपछि, उसले आउने नयाँ चुनौतीहरूलाई जित्नु पर्छ भन्ने पाउनेछ। यदा राख्नको लागि महत्वपूर्ण छ की :

जब तपाईंको बच्चाको लागि कुन काम हो भन्ने कुराको लागि तपाईं र तपाईंको बच्चा नै दक्ष हुनु हुन्छ। तपाईंलाई उसको क्षमता र उसको व्यक्तित्वलाई बुझ्नु हुन्छ। तपाईं र ऊ मिलेर काम गर्ने तरिका निकाल्नु हुन्छ।




अब तपाईको बच्चा ठूलो भयो, उसले कुनै कुनै समस्याहरू आफै समाधान गर्न सक्छ। उसले काम गर्ने आफ्नै तरिकाहरू सोच्न सक्छ।







राम्रोसँग देख्न नसक्ने अरु मानिसहरूले काम गर्ने धेरै विशेष तरिकाहरू देखाइदिने छन्। तपाईंको बच्चाले राम्रोसँग देख्न नसक्ने अरु मानिसहरूबाट धेरै मद्दत पुग्ने कामहरू सक्न सक्ने छन्।"

## भविष्यको बारे विचार गर्नुहोस्

अहिले तपाईको बच्चा ५ वर्षको मात्र छ, तर छिट्टै ऊ ठूलो वयस्क हुनेछ, र कुनै दिन उ जवान हुने छ। तपाईं आफ्नो बच्चालाई उसले आफ्नै लागि ठूलो लक्ष्य बनाउन मद्दत गर्नु सक्नु हुन्छ। ऊ आत्मनिर्भर जवानको रुपमा बढ्ने छ। उसलाई सक्षम र उसको अन्धोपनको बारे यथार्थ भाव भएको आफैले देख्न मद्दत गर्नु होस्। अन्धो युवाहरूले धेरै सीपहरू सिक्छ। उनीहरू काम गर्छन्, विवाह गर्छन्। बच्चा जन्माउँछन् र असल अभिभावक बन्छन्।




## तपाईको अनुभव प्रयोग गरेर अरुलाई मद्दत गर्नुहोस्

जब ऊ ठूलो हुन्छ, तपाईं र तपाईंको बच्चा दुवैले अन्धो बच्चाहरूले गर्न सक्ने कामहरूको विभिन्न तरिकाहरूबारे धेरै कुराहरू सिक्नु सक्नु हुनेछ। अन्धो बच्चा भएका अथवा राम्रोसँग देख्न नसक्ने बच्चाहरूको अभिभावकहरूसँग तपाईंको अनुभव बताउँदा उनीहरूलाई ठूलो पुग्ने/हुने छ।







तपाईको बढेको बच्चाले अन्धो बच्चालाई अथवा राम्रोसँग देख्न नसक्ने बच्चालाई मद्दत गर्नका लागि उसको अनुभव प्रयोग गर्नको लागि निर्णय पनि गर्ने छ। अन्धो युवा अथवा राम्रोसँग देख्न नसक्ने युवाहरूसँग समय बिताउन पाउनु सानो अन्धो बच्चाहरूको लागि धेरै राम्रो कुरा हो।

अन्धो बच्चाहरूको अभिभावकहरूलाई राम्रो सेवा र राम्रो सहयोग दिनको लागि तपाई अरु मानिसहरूसँग मिलेर काम गर्न सक्नु हुनेछ। एकदमै महत्वपूर्ण कुरा यो छ की, तपाईंले गरिबीको अवस्था परिवर्तन गर्ने काम गर्नु सक्नुहुन्छ जसले गर्दा भविष्यमा अन्धोपनको मात्रा कम हुनेछ।



तपाईंको बढेको छोरा छोरीले अरु मानिसहरूसँग मिलेर विद्यालयको कार्यक्रम सुधार्न र अन्धो बच्चाहरू तथा युवाहरूको लागि काम गर्ने मौकाहरू पाउने कामहरूको छनौट गर्नेछन्।

